# शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३


**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

**केशरमहल काठमाडौं**

# शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३

**प्रस्तावनाः**

स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि भाषा शिक्षण, तालिम, पूर्व तयारी कक्षा तथा परामर्श सेवा र सो वापत विद्यार्थीहरूसंग लिने शुल्क तथा ती संस्थाहरूबाट विद्यार्थीहरूलाई प्रदान गरिने सेवा तथा सुविधा समेतलाई व्यवस्थित र सरलीकृत गरी स्विकृती पत्रसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नुका साथै उक्त कार्यमा संलग्न विभिन्न निकायहरूको भूमिका स्पष्ट गर्नशिक्षा ऐनको दफा १६ढ मा "अनुमति नलिइ शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष,भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन" व्यवस्था कार्यन्वयन गर्न वाञ्छनीय भएकाले शिक्षा (आठौं संशोधन) ऐन, २०२८को दफा १९ (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "**शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धीनिर्देशिका, २०७३**" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "**मन्त्रालय**" भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

(ख) **"शैक्षिक परामर्श सेवा"** भन्नाले स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई विषय, तह र शिक्षण संस्था छनौट गर्ने, शिक्षण संस्थामा प्रवेशको लागि तयारी गर्ने वा परामर्श प्रदान गर्ने सेवा सम्झनु पर्छ ।

(ग) **"भाषा शिक्षण"** भन्नाले शिक्षण संस्थामा अध्ययन गर्नको लागि आवश्यक पर्ने अंग्रेजी, चाइनीज,जापानीज, जर्मन, फ्रेन्च, रसियन, कोरियन लगायतका विभिन्न भाषाहरूको शिक्षण सम्झनु पर्छ ।

(घ) "विद्यार्थी**"** भन्नाले शैक्षिक परामर्श सेवा प्राप्त गर्नेवा भाषा शिक्षण वा पूर्व तयारी कक्षा अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्छ ।

(ङ) **"शैक्षिक संस्था"** भन्नाले नेपाल वा विदेशमा प्रचलित कानून बमोजिम स्थापना भएको विद्यालय, महाविद्यालय,विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले तालिम केन्द्र र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्था समेतलाई जनाउँछ ।

(च) "**पूर्व तयारी कक्षा"** भन्नाले TOEFL, IELTS, SAT, GRE, JLPT, GMAT लगायतका परीक्षाको लागि तयारी गरिने कक्षा सम्झनु पर्छ ।

(छ) **"संस्था"**भन्नालेशैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई सम्झनु पर्छ ।

(ज) **"शैक्षिक परामर्श संघ"**भन्नाले नेपालमा परामर्श सेवा सञ्चालनका लागि दर्ता भई सेवा सञ्चालनको स्वीकृति प्राप्त परामर्शदातृ संस्थाहरुको संघलाई जनाउँछ ।

(झ) **"सेवा"**भन्नाले शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने संस्थाले दिने सेवालाई जनाउँछ ।

## परिच्छेद २

## उद्देश्य

३. **निर्देशिकाको उद्देश्य :-यस निर्देशिकाको उद्देश्य देहाय बमोजिमको हुनेछः**

(क) उच्च शिक्षा अध्ययनसम्बन्धी परामर्श सेवा, सुविधा तथा शुल्कलाई व्यवस्थित गर्ने,

(ख) शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षणसम्बन्धी कार्यलाई व्यवस्थित, सरल, सहज, भरपर्दो, गुणस्तरीय एवं पारदर्शी बनाउने,

(ग) शैक्षिक परामर्श, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण कार्यमा संलग्न निजी क्षेत्रका संस्थालाई मर्यादित र अनुशासित बनाउन प्रोत्साहन गर्दै प्रभावकारी रुपमा व्यवस्थापन गर्ने,

(घ) स्वदेशी तथा विदेशी शैक्षिक संस्था र शैक्षिक परामर्श दातृ संस्थाहरूबीच समन्वय गर्ने,

(ङ) नेपाल सरकार, परामर्शदातृ संस्था, अध्ययन गर्ने संस्था र विद्यार्थी बीच सुसम्बन्ध कायम गर्न सहजीकरण गर्ने,

(च) शैक्षिक परामर्शदातृ संस्था, परामर्शदाता, पूर्व तयारी कक्षा र भाषा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,

## परिच्छेद ३

## स्वीकृति र अनुमति

४. स्वीकृति : (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षावा भाषा शिक्षण कक्षासञ्चालन गर्न चाहने संस्थाले यस निर्देशिका बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकिदिएको निकायबाट स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि देहायका कागजातहरूसंलग्न राखी अनुसूची- १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) फर्म वा कम्पनीको स्वीकृत प्रवन्ध–पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

(ख) सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा प्रमाण–पत्र (PAN) को प्रतिलिपि,

(घ) कम्तिमा दुईजनापरामर्शदाताको प्रमाणपत्र,

(ङ) कुनै पनि देशको कम्तिमा दुईवटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाणपत्रको प्रतिलिपि,

(च) कम्तिमा २वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,

(छ) संस्थाको नाममा खाता सञ्चालनमा रहेकोव्यहोराको सम्बन्धित बैंकको सिफारिस पत्र,

(ज) संस्थाले प्रदान गर्ने सेवा सुविधा, कार्यप्रक्रिया, लागतसमेत खुलाइएको विवरण,

(झ) भाषा वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाणपत्रहरूको प्रतिलिपि सहितको विवरण,

(३) यस निर्देशिका जारी हुनु पूर्व सञ्चालनमा रहेकाशैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्नेसंस्थाले यस निर्देशिकाबमोजिम छ महिना भित्र सेवा सञ्चालनगर्न स्वीकृति लिनुपर्ने छ ।

५. अनुमति पत्र दिन सक्ने :

(१) कुनै संस्थाले पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त संस्था माग बमोजिमको सेवा सञ्चालन गर्न सक्षम छ भन्ने देखिएमा तोकिएको निकायले शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्था सञ्चालन गर्न अनुसुची२ बमोजिमको ढाँचामा स्वीकृति पत्र दिन सक्नेछ ।

(२) स्वीकृति पत्रको अवधि एक वर्षको हुनेछ । स्वीकृति पत्र प्राप्त गरेको संस्था पुनः स्वीकृति पत्र बमोजिमको काम कारवाही जारी राख्ने भएमा पूर्वस्वीकृतिको अवधि समाप्त हुनु भन्दा कम्तिमा पन्ध्र दिन अगावै निम्न कागजातहरूका साथ स्वीकृति पत्र दिने निकायमा स्वीकृति नविकरणको लागि दरखास्त दिनु पर्नेछः

(क) पछिल्लो एक वर्षको कामको विस्तृत विवरण,

(ख) पछिल्लो एक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ग) संस्थाले प्रदान गर्ने सेवा, कार्य प्रक्रिया लागत समेत खुलाइएको विवरण,

(घ) संस्थादर्ता/नवीकरण भएको प्रमाणपत्र

६. स्वीकृति पत्र रद्द हुने अवस्थाः

शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने कुनै पनि संस्थाको स्वीकृति देहायको अवस्थामा रद्ध हुनेछ :

(क) सम्बन्धित संस्थाले नै स्वीकृति पत्र रद्द गरी पाउँ भनी निवेदन दिएमा,

(ख) दफा ७ बमोजिमकाशर्तहरू बढीमा ३ पटकसम्म उल्लङ्घन गरेको पाइएमा,

(ग) संस्थाले झुट्टा एवं बदयितपूर्ण तवरबाट गलत ढङ्गले सेवा प्रदान गरेको प्रमाणित भएमा,

(घ) सेवा प्रदान गर्दा गरिएको सम्झौतामा निर्धारित शुल्कभन्दा बढी लिएको पाइएमा,

(ङ) संस्थाको दर्ता खारेज भएमा,

(च) संस्था सञ्चालन गर्ने संस्था विघटन भएमा,

(छ) संस्था सञ्चालन गर्ने फर्म वा कम्पनी लिक्विडेशन भएको प्रमाणित भएमा,

(ज) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको नीति,ऐन/नियमहरुको उल्लङ्घन गरेमा,

तर यसरी खारेजी हुँदाका बखतको दायित्वबाट संस्थाले उन्मुक्ति पाउने छैन ।

## परिच्छेद ४

## संस्थासम्बन्धी व्यवस्था

७. संस्थाले पालना गर्नु पर्ने शर्तहरूः (१) शैक्षिक परामर्श वा पूर्व तयारी कक्षावा भाषा शिक्षण सञ्चालन गर्ने संस्थाले देहायका न्युनतम शर्तहरू पालना गर्नु पर्ने छः

(क) संस्थाको लागि छुट्टै कार्यालयको व्यवस्था हुनु पर्ने,

(ख) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन,इमेल समेत स्पष्ट खुलेको हुनु पर्ने,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नु पर्ने,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिकपरामर्श सेवा, पूर्व तयारी कक्षा तथा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्ने,

(ङ) नेपाली नागरिक बाहेक अरुलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रुपमा काम गराउनु पर्ने भए सोको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनु पर्ने,

(च) सेवा शुल्क पूर्ण रुपमा पारदर्शी हुनु पर्ने,

(छ) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नु पर्ने,

(ज) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीनविषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिन र प्रकाशन एवम्प्रसारण नगर्ने,

(झ) अनुमति पत्र प्रदान गर्ने निकायको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा पूर्व तयारी कक्षा एवम् भाषागत कक्षा सञ्चालन गर्नुपर्ने,

(ञ) पूर्व तयारी कक्षा,भाषा शिक्षण एवं तालिम प्रदायक संस्थामा पर्याप्त मानवीय स्रोत लगायत भौतिक पूर्वाधार, शिक्षण सामग्री एवं पुस्तकालयको सुविधा हुनु पर्ने,

(ट) संस्थाको स्थायी लेखा प्रमाण-पत्र,संस्था दर्ता प्रमाण-पत्र, संस्थाबाट प्रदान गरिने सेवा, कार्यप्रक्रिया र लागतसमेत खुलाई सबैले स्पष्ट रुपमा देख्ने गरी कार्यालयमा राख्नुपर्ने,

(२) सम्झौता गर्नुपर्नेः शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सञ्चालन गर्ने संस्थाले विद्यार्थी वा अभिभावकसंग निम्न विवरण खुलाई सम्झौता गर्नु पर्नेछः

(क) कलेजको नाम, विषय र तह खुलेको हुनु पर्ने,

(ख) के कति शुल्क वा वार्षिक खर्च आवश्यक पर्ने हो सो खुलेको हुनु पर्ने,

(ग) विद्यार्थीहरूले पेश गर्नुपर्ने कागजातहरू,

(घ) सेवा शुल्क एवम् थप अन्य केही भए सो समेत खुलाउनु पर्ने ।

(३) शैक्षिक परामर्श, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण दिने संस्थाले अफ्नो सेवासम्बन्धी प्रचार प्रसार गर्दा देहायका शर्तहरू पालना गर्नु पर्नेः

(क) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन कुरा राखी प्रचार प्रसार,विज्ञापन गर्न नहुने,

(ख) आफ्नो प्रचार सामग्रीमा संस्थाको दर्ता नं., अनुमति नं., सम्पर्क ठेगाना स्पष्ट खुलेको हुनुपर्ने,

(ग) आफूले परामर्श वा प्रशिक्षण प्रदान गर्ने देश, विश्वविद्यालय, कलेज,विषय, अवधि, उपाधि, लागत, मान्यता, उपाधि, स्तर निर्धारण आदि स्पष्ट खुलाउनु पर्ने,

(घ) स्वदेशी तथा विदेशी अध्ययन संस्थाले अध्ययन सम्बन्धी शैक्षिक परामर्श प्रदान गर्न शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्दा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट पूर्व स्विकृती लिनु पर्ने छ । शैक्षिक परामर्शसम्बन्धी मेला वा प्रदर्शनी आयोजनाका लागि देहायका कागजात संलग्न गरी मन्त्रालय वा मन्त्रालयले तोकिदिएको निकायसमक्ष स्वीकृतिका लागि निवेदन दिनुपर्नेछः

(१) नेपालको स्थायी वा अस्थायी PAN प्राप्त गरेको प्रमाण,

(२) आयोजनाका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रदान गरेको इजाजत पत्र,

(३) मेला वा प्रदर्शनीमा सामेल शिक्षण संस्था, विषय, तह, लागत,उपाधिको मान्यता र समकक्षता बारेको विस्तृत विवरण,

(४) मेला वा प्रदर्शनी आयोजनाको कार्यक्रम बारेको विस्तृत विवरण,

(५) विदेशी आयोजक भए सम्बन्धित देशको कुटनीतिक निकायको सिफारिस पत्र।

(६) शैक्षिक परामर्श प्रदान गर्ने अभिप्रायले तोकिएका कागजातहरु संलग्न गरी पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त मेला वा प्रदर्शनी आयोजना गर्न उचित छ भन्ने देखिएमा तोकेको निकायले आयोजनाका लागि स्वीकृति पत्र दिन सक्नेछ।

८. विद्यार्थीले पालना गर्नु पर्ने कुराहरूः (१) विद्यार्थीहरूले शैक्षिक परामर्श सेवावा पूर्व तयारी कक्षावा भाषा प्रशिक्षण लिनका लागि देहायका कुराहरूपालना गर्नुपर्नेछः

(क) आफूले परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण लिन चाहेको संस्थाको वैधानिकता सुनिश्चित गर्नुपर्ने,

(ख) शैक्षिकपरामर्शदाता वा पूर्व तयारी कक्षावा भाषा प्रशिक्षकको योग्यताको बारेमा सुनिश्चित हुनुपर्ने,

(ग) आफ्ना प्रमाण–पत्रहरू तथा आफूसँग सम्बन्धित यथार्थ विवरणहरू पेश गर्नुपर्ने,

(घ) आफूले परामर्श लिन चाहेको देश, विश्वविद्यालय, कलेज,विषय, अवधि, उपाधि, स्तर निर्धारण, उपाधि समकक्षता, लागत (धरौटी,आवेदन शुल्क, प्रवेश शुल्क,धरौटी फिर्ता प्रक्रिया, आवास खर्च, निर्वाह खर्च, निःशुल्क वृत्ति आदि) स्पष्ट खुलाइएको लिखित सम्झौता गर्नुपर्ने,

(ङ) सम्झौता बमोजिमको लागत वहन गर्नुपर्ने।

९. परामर्शदाताको योग्यताः (१) शैक्षिक परामर्श सेवा प्रदान गर्ने परामर्शदाताको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः

(क) कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण भएको,

(ख) देहायको कुनै एक निकायबाट शैक्षिक परामर्शसम्बन्धी तालिम लिएको हुनुपर्नेछः

(१) शिक्षा मन्त्रालय वा अन्तर्गतको निकायबाट,

(२) विश्वविद्यालय वा महाविद्यालय वा मान्यता प्राप्त तालिम प्रदायक संस्था वा कुटनीतिक निकायबाट,

(३) नेपाल सरकार, शिक्षा मन्त्रालयबाट तालिम सञ्चालन स्वीकृति प्राप्त शैक्षिक परामर्श संघबाट,

तर शैक्षिक परामर्श सेवा सञ्चालन अनुमति माग गर्ने संस्थामा कार्यरत परामर्शदाताले उल्लिखित निकायबाट तालिम प्रमाणपत्र प्राप्त गरेको रहेनछ भने शैक्षिक परामर्श सेवा सञ्चालनको परामर्शदाताका रुपमा कम्तिमा तीन वर्षदेखि काम गरिआएको भनी शैक्षिक परामर्श

संघ वा अनुमति माग गर्ने संस्थाले गरिदिएको सिफारिसलाई पहिलो पटकका लागि तालिमको प्रमाणपत्र सरह मानिने छ ।

(२) शैक्षिक परामर्श सेवा सञ्चालन अनुमति माग गर्ने संस्था तीन वर्षभन्दा कम अवधि सञ्चालन भएको रहेछ भने त्यस्ता संस्थाले अन्य संस्थामा काम गरेको भए सो अनुभव समेत जोडी परामर्शदाताको सिफारिस गर्न सक्नेछ ।

(३) यस निर्देशिका बमोजिम सेवा सञ्चालन स्वीकृति प्राप्त गरेका संस्थामा कार्यरत परामर्शदाताले कम्तिमा तीन वर्षदेखि काम गरिआएको भनी प्राप्त गरेको सिफारिसका आधारमा सञ्चालन स्वीकृति प्राप्त गरेको भए त्यसरी स्वीकृति प्राप्त गरेको दुई वर्ष भित्र तालिमको प्रमाण पत्र लिनुपर्ने छ ।

१०. प्रशिक्षकको योग्यताः (१) पूर्व तयारी कक्षा वा भाषा शिक्षण गर्ने भाषा प्रशिक्षकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः

(क) कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण वा सम्बन्धित भाषाको कम्तिमा एक वर्षे तालिम लिएको वा उक्त भाषाको कम्तिमा Diploma Level को अध्ययन पूरा गरेको,

(ख) TOEFL, IELTS, SAT, JLPT अध्यापनका लागि स्नातक तह उत्तीर्ण गरी अध्यापन गर्ने सम्बन्धित विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको,

(ग) GRE, GMATअध्यापनकालागि स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित अध्यापन गर्ने विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको ।

## परिच्छेद५

## संस्था र सरकारबीचको सम्बन्ध

११. संस्था र सरकारबीचको सम्बन्धः(१) सेवाव्यवस्थित र मर्यादित बनाउन सम्बन्धित संस्था तथासरकारबीचको सम्बन्ध देहाय बमोजिम हुनेछ :

(क) मन्त्रालय वा मन्त्रालयले स्वीकृति दिन तोकिदिएको निकायको भूमिका समन्वयकारी तथा सहजकर्ताको रुपमा हुनेछ,

(ख) मन्त्रालय वा मन्त्रालयले स्वीकृति दिनतोकिदिएको निकायले यस निर्देशिका र अन्य प्रचलित कानून तथा निर्देशनअनुसार कार्यगरे/नगरेको नियमित निरीक्षण,आकस्मिक निरीक्षण, अनुगमन तथा मूल्याङ्कन एवम् अवलोकन गर्न र सोको आधारमा आवश्यक सुझाव र निर्देशन दिन सक्नेछ । यसरी दिइएको सुझाव तथा निर्देशनहरूसंस्थाले पालना गर्नु पर्नेछ ।

(२) मन्त्रालय वा मन्त्रालयले अनुमति स्वीकृति दिनतोकिएको निकायको भुमिका देहाय बमोजिम हुनेछः

(क) नीति निर्माण तथा निर्देशन दिने,

(ख) आवश्यक मापदण्ड बनाई लागु गर्ने,

(ग) सेवा सञ्चालन गर्न इच्छुक व्यक्ति वा संस्थालाई रीतपूर्वक सेवा सञ्चालनको स्वीकृति प्रदान गर्ने,

(घ) सेवा सञ्चालन स्वीकृति तथा स्वीकृति नविकरण लगायतका सेवा दस्तुर निर्धारण गर्ने,

(ङ) अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) उत्कृष्ट सेवा प्रदायक संस्थालाई प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(छ) प्रचलित ऐन नियम अनुसार सञ्चालन भएको नपाइएमा त्यस्ता संस्थालाई सचेतगराउने,

(ज) प्रचलित ऐन नियम अनुसार सञ्चालन नहुने संस्थाको अनुमति रद्द गरी दर्ता खारेजीका लागि सम्बन्धित संस्था दर्ता गर्ने निकायमा सिफारिस गर्ने,

(३) समन्वय समितिः (१) शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सञ्चालन गर्ने संस्था र नेपाल सरकार बीच समन्वय गर्ने कार्यसमेतको लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | सह–सचिव, शिक्षा मन्त्रालय | –अध्यक्ष |
| (ख) | प्रतिनिधि (राजपत्राङ्कित द्वितीय श्रेणी), गृह मन्त्रालय | –सदस्य |
| (ग) | प्रतिनिधि (राजपत्राङ्कित द्वितीय श्रेणी), परराष्ट् मन्त्रालय | –सदस्य |
| (घ) | प्रतिनिधि, विदेशी विनिमय विभाग, नेपाल राष्ट्र बैंक | –सदस्य |
| (ङ) | उपसचिव, ऐन, नियम परामर्श शाखा, शिक्षा मन्त्रालय | –सदस्य |
| (च) | प्रतिनिधि, शैक्षिक परामर्श संघहरुबाट एक जना महिला सहित चार जना | –सदस्य |
| (छ) | उपसचिव, शिक्षा मन्त्रालय | –सदस्य–सचिव |

(२) उपनियम (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) समन्वय समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समन्वय समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

## परिच्छेद६

## लेखा परीक्षण

१२. **लेखा परीक्षणः**

(१) सेवा सञ्चालन गर्ने संस्थाले देहाय बमोजिम लेखा परीक्षण गराउनु पर्नेछ :

(क) आर्थिक पारदर्शिताका लागि शैक्षिक परामर्शदाता संस्थाहरू वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण गर्नेसंस्थाहरूले आय-व्ययको विवरण स्पष्ट खुल्ने गरी राख्नु पर्नेछ,

(ख) महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा लेखा प्रणालीको अवलम्वन गर्नु पर्नेछ । र प्रत्येक वर्ष आयव्ययको विवरण अद्यावधिक गरी राख्नुपर्नेछ,

(ग) मान्यता प्राप्त (Registerd) लेखापरीक्षकबाट प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गराई सोको प्रतिवेदन संस्था नविकरणका बखत मन्त्रालय वा मन्त्रालयले तोकिदिएको निकाय समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद७

## निरीक्षण, अनुगमन र मूल्याङ्कन

१३. **निरीक्षण, अनुगमन र मूल्याङ्कनः** (१) शैक्षिक परामर्श वा पूर्वतयारी कक्षा वा भाषा शिक्षण सेवासम्बन्धी गतिविधिको अनुगमन मन्त्रालय र मन्त्रालयले तोकेको निकायले गर्नेछ । यसरी अनुगमन तथा मूल्याङ्कन देहायको आधारमायो निर्देशिका तथा प्रचलित ऐन नियमको अधीनमा रही गरिनेछः

(क) संस्थाको प्रगतिको अवस्था,

(ख) संस्थाले प्रदान गर्ने सेवाको स्तर,

(ग) शुल्कको विवरण,

(घ) सेवाको प्रकृति,

(ङ) पारदर्शीताको अवस्था

(च) संस्थाको कार्यालयको नियमितता,

(छ) सेवाग्राहीसँग गरेको सम्झौता र यसको कार्यान्वयन पक्ष,

(ज) सम्बन्धित संस्थाको कार्यकुशलता,

## परिच्छेद८

## विविध

१४. **निर्देशन दिन सक्ने :** (१) नेपाल सरकारले शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षणसम्बन्धी कार्यलाई सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक निर्देशन दिन सक्नेछ । ती निर्देशन पालन गर्ने कर्तव्य सम्बन्धित संस्थाको हुनेछ ।

(२) मन्त्रालयलाई आवश्यक भएको अवस्थामा विदेशमा अध्ययनरत विद्यार्थीहरूका बारेमा, विदेशी शिक्षणसंस्था सँग सम्बन्धित विषयमा वैदेशिक कुटनीतिक नियोग वा राजदुतावाससँग सहयोगका लागि समन्वय गर्न सक्नेछ ।

(३) मन्त्रालयले आवश्यकता अनुसार अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

**१५. बाधा नपर्ने:**

शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सञ्चालन गर्नेसंस्थालाई तिनको काम कारवाहीमा प्रचलित कानून बमोजिम कारवाही हुने भएयस निर्देशिकाको कुनै पनि व्यवस्थालेबाधा पार्ने छैन । यो निर्देशिकामा उल्लेखित कुनै कुरा प्रचलित अन्य ऐन नियमसँग बाझिएको अवस्थामा ऐन नियम अनुसार नै हुनेछ ।

**१६. निर्देशिकाको व्याख्या :**

**यो निर्देशिकाको व्याख्या मन्त्रालयले गरे अनुसार हुनेछ ।**

**१७. खारेजी र बचाउ :**

**१.शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका २०६८ खारेज गरिएको छ,**

**२.शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका २०६८ अनुसार भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भएको मानिने छ ।**

# अनुसूचि – १

## स्वीकृति–पत्रको लागि दिइने निवेदन

श्री शिक्षा मन्त्रालय,
केशरमहल ।

विषय : – शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्ने संस्था सञ्चालन गर्न स्वीकृति पत्र पाउँ ।

महोदय,

मिति ........................ मा ....................................................... नामको फर्म कम्पनी ...................... ................................................. मा शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा, भाषा शिक्षण कार्य प्रदान गर्ने उद्देश्य राखी दर्ता भएकोले शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण सञ्चालन गर्ने स्वीकृतिका लागि/स्वीकृति नविकरणका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

निवेदकको
नामथर :

ठेगानः

सम्पर्क टेलिफोनः

<u>संलग्न कागजातहरुः</u>

(क)फर्म वा कम्पनीको स्वीकृत प्रवन्ध–पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि, ☐

(ख)सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ☐

(ग)स्थायी लेखा प्रमाण–पत्र (PAN) को प्रतिलिपि, ☐

(घ)कम्तिमा दुईजनापरामर्शदाताको प्रमाणपत्र ☐

(ङ)कुनै पनि देशको कम्तिमा दुईवटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएकोप्रमाणपत्रको प्रतिलिपि, ☐

(च) कम्तिमा २ वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि, ☐

(छ)फर्म वा कम्पनी, संस्थाको नाममा खाता सञ्चालनमा रहेकोसम्बन्धित बैंकको सिफारिस पत्र, ☐

(ज)संस्थाले प्रदान गर्ने सेवा सुविधा, कार्यप्रक्रिया, लागतसमेत खुलाइएको विवरण, ☐

(झ)भाषा एवंम पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाणपत्रहरूको प्रतिलिपि सहितको विवरण । ☐

**अनुसूची – २**

**स्वीकृति–पत्र**

नेपाल सरकार

शिक्षा मन्त्रालय

केशरमहल, काठमाण्डौ

विषय : – स्वीकृति–पत्र जारी गरिएको सम्बन्धमा ।

श्री ....................................................,

.......................................................... ।

उपयुक्त विषयमा त्यस ...................................... ले मिति .................... मा दिएको निवेदन उपर कारावाही हुँदा स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीका सम्बन्धमा शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्न पाउने गरी स्वीकृति दिने भनी मिति ................ मा निर्णय भएको हुंदा यो स्वीकृति–पत्र जारी गरिएको छ ।

.................................................

मिति : –